# कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर, सुर्खेत

निजि सचिवालय
मा. उर्मिला विश्वकर्मा
मन्त्री
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्रसंख्या:-२०८०।०८१ चलानी नं: मिति:-२०८०।१२।२५

पत्रकार मित्रहरू,

नेपालमा संघीयता कार्यान्वयन भएपश्चात प्रदेश सभाको दोस्रो कार्यकालमा म नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको तर्फबाट डोल्पा जिल्लाबाट प्रदेश सभा सदस्यमा प्रवेशको अवसर पाएँ। यस अवसरमा म म सम्बद्ध पार्टी नेकपा माओवादी केन्द्र र पार्टीका अग्रज नेताहरूप्रति आभार व्यक्त गर्दै मलाइ यो अवसर दिने डोल्पा जिल्लाका मेरा भगवानरूपी जनताहरूप्रति नमन व्यक्त गर्दछु। प्रदेश सभाको माननीय सांसदको रूपमा प्रवेशलाइ मैले व्यक्तिगत रूपमा अवसरको रूपमा लिएँ भने जनताको मतको हिसाबले चुनौतिको रूपमा लिएँ। प्रदेश सभामा मेरो प्रवेशलाइ एउटा ऐतिहासिक मानेको छु। त्यसमा पनि कर्णाली प्रदेश सरकारको राज्यमन्त्रीको पदबाट कर्णाली प्रदेश सरकारमा प्रवेश गरी कर्णालीका जनताका दैनिक जीवन र आवश्यकतासँग जोडिएका विषयमा प्रदेश सरकारको तर्फबाट सकेसम्म सम्बोधन गर्ने प्रयासमा लागेको थिएँ। त्यसै क्रममा सरकारको काम कारबाहीमा थप प्रभावकारीता ल्याउन कार्यविभाजनमा हेरफेर गरी मन्त्रिमण्डल विस्तारको क्रममा मेरो पार्टीप्रतिको लगाव भनौं या भूमिकाको कदरले भनौं प्रदेश सरकारमा मन्त्रीको हैसियतले प्रवेश पाउनु एउटा ठूलो अवसरका रूपमा लिएँ। २०७९ माघ ११ देखि २०८० वैशाख ७ गतेसम्म जम्मा ८६ दिन अर्थात् जम्मा २ महिना २६ दिन भौतिक पूर्वधार तथा जलस्रोत मन्त्रालयको राज्यमन्त्रीका रूपमा काम गर्ने अवसर पाएँ भने २०८० साल वैशाख ०७ जलस्रोत तथा उर्जा विकास मन्त्रीमा नियुक्त हुने अवसर पाएँ। मन्त्री पदमा बहाल पछिका जम्मा ३५४ दिन अर्थात् ११ महिना २० दिन र राज्यमन्त्रीहुँदाका ८६ दिन, मन्त्री पदका ३५३ दिन गरी आजका मिति सम्म कूल जम्मा ४३८ दिन कर्णाली प्रदेश सरकारमा रहने अवसर पाएँ।

मेरो कार्यकाल अवधिमा मैले कर्णालीका बत्तिमुनी अँध्यारोमा बस्न बाध्य र खानेपानीको पहुँच नपुगेका कर्णालीका विभिन्न जिल्लाहरूमा खानेपानीको सहज पहुँच पुर्याउन मैले मेरो मन्त्री पदमा पदभार ग्रहणकै दिनमा प्रतिवद्धता समेत गरेको थिएँ र सोही अनुरूप कार्ययोजना निर्माय गरी कामलाइ अगाडी बढाएँ। मेरो कार्यकालमा निम्नानुसारका कामहरू भएका छन्।

## भौतिक पूर्वाधार तथा जलस्रोत राज्यमन्त्री पदभार ग्रहण ग्रहण पछि भए गरेका कामहरू।

१. राज्यमन्त्रीको पदभार ग्रहण गरेपछि कर्णाली प्रदेशका१० वटै जिल्लाहरूको विकासका सम्भावनाहरू अध्ययन गरी मन्त्रालयसँग सम्बन्धित विकासका कामहरू अगाडी बढाउने कार्य गरियो।

सम्पर्क नं. ९८५८०३५५१० e-mail address urmailadolpa277@gmail.com

२। गृह जिल्ला डोल्पामा जिल्ला अस्पतालमा विरामी लैजान स्ट्रेचरमा हालेर लामो दुरी तय गर्नुपर्ने समस्यालाइ मध्यनजर गर्दै अस्पताल जोड्ने मोटरेबल पुल निर्माणका लागि पहल गरेको र फलस्वरुप ठेक्का टेन्डर प्रकृया भैसकेको छ।

३. कालिकोट, जुम्ला र रूकुम पश्चिम जिल्लाका विभिन्न स्थानीय तहहरूमा सञ्चालित विभिन्न बहुवर्षिय तथा क्रमागत आयोजनाहरुको अनुगमन गरि छिटो छरितो र गुणस्तरीय रुपमा आयोजनाहरुको निर्माण कार्यगर्न निर्देशन दिएको ।

जलस्रोत तथा उर्जा विकास मन्त्री भए पश्चातका कामहरू:

१. ऐन निर्माणः

क) **कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,** २०८०(संसदको समितिमा छलफलको क्रममा रहेको छ।

ख) **खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,**२०८० सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरी राय सुझाव माग गर्नका लागि मन्त्रालयको वेवसाइटमा राखिएको छ।

२. **कर्णाली प्रदेशको जलस्रोत सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा विधेयक,**२०८० निर्माणका लागि समिति गठन गरी तयारीको चरणमा रहेको छ।

३. कार्यविधि निर्माण

क) **पूर्वाधार विकास आयोजना माग तथा छनौट कार्यविधि,** २०७९ निर्माण भइ सोही अनुसार आयोजना तर्जुमा प्रकृयालाइ थप व्यवस्थित गरिएको छ।

ख) **कर्णाली उज्यालो कार्यान्वयन कार्यविधि,** २०७९ कार्यान्वयनमा रहेको छ।

४. निर्देशिका

क) आन्तरिक नियन्त्रण प्रणाली २०८०

ख)**कन्टिजेन्सि मार्गदर्शन,** २०७९ निर्माण गरी कार्यान्वयनमा रहेको छ।


सम्पर्क नं. ९८५८०३५५१०  e-mail address urmailadolpa277@gmail.com

# कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर, सुर्खेत

निजि सचिवालय
मा. उर्मिला विश्वकर्मा
मन्त्री
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


पत्रसंख्या:-२०८०।०८१ चलानी नं: मिति:-२०८०।१२।२५

**ग) कर्णाली प्रदेशको खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०** कार्यान्वयनमा रहेको छ।

मन्त्री पदमा पदभार ग्रहण गरेकै दिन २०८०।०१।०७ गते मन्त्रालय र GIZ प्रोष्टट प्रोजेक्ट बीच मन्त्रालयसँग सफ्टवेयर र हार्डवेयरका क्षेत्रमा काम गर्ने गरी सम्झौता सम्पन्न गरियो ।उर्जा विकास सम्बन्धी कार्यलाइ थप प्रभावकारी बनाउन प्रदेशस्तरमा कम्तिमा एउटा उर्जा विकास तथा व्यवस्थापना कार्यालय स्थापना गर्ने नीतिगत निर्णाय भएको छ।

**हालसम्मको मन्त्रालयको प्रगती**

- मन्त्रालय लगायत मातहतका निकायहरूसमेतको गरी कूल जम्मा ३ अर्ब ५३ करोड ९७ लाख बजेट विनियोजना भएकोमा दोस्रो चौमासिकको अन्त्य सम्ममा कूल जम्मा रू. ६७ करोड ३६ लाख खर्च भइ १९.०३ प्रतिशत वित्तिय प्रगती हासिल भए तापनि अधिकांश योजनाहरू सम्झौता भइ निर्माण कार्यले तिब्रता लइरहेको र भुक्तानी हुन बाँकी रहेकोले भौतिक प्रगती करीब **४०** प्रतिशत रहेको छ।
- आ.व. २०७८/०७९ मा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालयहरुको नाममा रहेको बेरूजु मध्ये जम्मा रु **१०,७९,१८,९३६.६१**(दश करोड उनासी लाख अठार हजार नौ सय छत्तिस रूपैयाँ एकसठ्ठी पैसा) वेरुजु फछर्यौट गरि लगत कट्टाको सिफारिस सहित कर्णाली प्रदेश सभाको सिफारिस सहित महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको छ ।यसमध्ये रू १२४४९३६ (१२ लाख ४४ हजार ९ सय ३६) असुल उपर गरी बैंक दाखिला गरिएको छ।

**सबैको चासोको विषय रहेका १५ लाख मुनिका आयोजनाहरूको विवरण प्रस्तुत गर्न चाहन्छु।**

- आ.व. २०८०/०८१ को वार्षिक बजेट कार्यक्रममा उल्लेख भएका कार्यक्रम शीर्षकहरू यस मन्त्रालय र जिल्लास्थित कार्यालयहरूमा प्राप्त निवेदन, माननीय ज्यूहरूका सिफारिस, स्थानीय तहको सिफारिस तथा माग र आवश्यकताका आधारमा नै वार्षिक विकास पुस्तिकामा आएका कुरा निवेदन गर्दछु।
- आ.व. २०८०/०८१ मा मन्त्रालयबाट विनियोजित बजेट शीर्षकहरू मध्ये सबैको चासो, समग्र जनताको चासो, समाचार माध्यममा पनि चासोको विषय बनेका मन्त्रालय अन्तरगतका १० लाखका आयोजनाहरू वार्षिक विकास कार्यक्रमको अनुसूची अनुसार नै हालसम्म कार्यान्वयन गरिएको छैन।१० लाखका आयोजनाहरू १५ लाख बनाएर कार्यान्वयन गर्ने सम्बन्धमा राजनीतिक सहमतिका आधारमा नै अगाडी बढ्ने भनी राजनीतिक सहमतिलाइ कार्यान्वयन गर्नका लागि तयार भएकाले हालसम्म कार्यान्वयन गरिएको छैन ।अहिले यिनै योजनाहरू मेरो आलोचना र कार्यसम्पादनसँग जोडिएका छन् र मन्त्रालयको प्रगतिका बाधक बनेका छन् । मन्त्रलयले १० लाखका आयोजनाहरूलाइ कार्यान्वयन गर्न १५ लाख बनाउनुपर्ने निर्णय

भएकोमा सबै आयोजनाहरू सञ्चालन गर्न मन्त्रालयलाई थप २४ करोड १० लाख बजेट आवश्यक पर्ने र सो बजेट मन्त्रालयमा नभएकाले कार्यान्वयन गर्न समस्या परेको हो। कार्यान्वयन गर्नका लागि थप बजेट प्राप्त भए मात्र १५ लाख बनाएर सबै आयोजनाहरू कार्यान्वयन गर्न सकिने कुरा मैले उठाएकै हो तर आलोचना गर्न सजिलो र समर्थन गर्न गाह्रो हुने हाम्रो प्रवृत्तिका कारण हालसम्म कार्यान्वयनमा आएका छैनन्।

- १० लाखका योजनाहरूलाइ जिल्लास्थित कार्यालयहरूमा विभिन्न शीर्षकबाट बचत रकमबाट थप गरि सुरू गर्ने कार्य कालिकोट जिल्लाबाट प्रकृया अगाडी बढाइ केहि योजनाहरू तत्काल कार्यसम्पन्न गर्ने र बाँकी अर्को चरणामा सम्पन्न हुने गरी सुरू गरिए पनि हालसम्म प्रकृयामा रहेको कुरा छ।
- कार्यालय प्रमुखहरूसँगको दोस्रो चौमासिक प्रगति समिक्षामा १५ लाख मुनिका आयोजनाहरू कार्यान्वयन नगर्दा प्रगति प्रतिशत सन्तोषजनक नरहेको गुनासो आएकोमा सोही समिक्षाबाट कार्यान्वयन हुन नसक्ने शीर्षक र विभिन्न योजनाहरूबाट बचत रकमबाट केहि योजनाहरू सञ्चालन गर्न सकिने तथा सबै योजनाहरू सञ्चालन गर्न नसकिने कुरा उठेकाले मन्त्रालय र कार्यालयको दायित्वबाट काम सुरू गर्न कठिनाइ रहेकाले अत्यन्तै जनगुनासो र सबैको चासो रहेका यी योजनाहरूका लागि चाहिने बजेट नभएको व्यहोरा अनुरोध गर्दछु।
- १० लाखका नयाँ आयोजनाहरू सम्बन्धमा सिंचाइ तर्फ २११, खानेपानीतर्फ १६२ र नदी नियन्त्रण तर्फ १०९ गरी कूल जम्मा ४८२ वटा रहेका छन्।
- अघिल्लो सरकारका पालादेखि नै कार्यान्वयनमा आइरहेका **अधुरा र क्रमागत** आयोजनाहरू सम्पन्न गर्नका लागि ठूलो रकम विनियोजन गर्नु परेकाले मन्त्रालयले लक्ष्य अनुसारका क्रमागत र बहुवर्षीय आयोजनाहरू सञ्चालन गर्न नसकेको कुरा यथार्थ हो।

## हालसम्मको समग्र प्रगति

- कर्णाली प्रदेश सरकारको नीतिमा उल्लेख भएको **सोतखोला बहुउद्देश्यीय आयोजनाको** सम्भाव्यता अध्ययनको कार्य भइरहेको छ।
- समपूरक आयोजना जुम्ल्याहा मूल बहुउद्देश्यीय आयोजनाको IEE स्वीकृतिको चरणमा रहेको र कन्सल्ट्यान्टसँग अन्तिम ड्राफ्टका बारेमा कार्यशाला गोष्ठी सम्पन्न भैसकेको छ साथै खरिद योजनाको टेन्डर खोलेर मूल्यांकनको चरणमा रहेको छ।
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको कर्मचारी दरबन्दी सम्बन्धमा O&M मन्त्रीस्तरबाट निर्णय भइ राय परामर्शका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेशमा पठाइएको छ।

- कर्णाली प्रदेशमा उर्जा विकास तथा व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाहरूसँग नियमित सम्पर्क र समन्वय भइरहेको छ।
- आयोजना बैंकको तयारीका लागि कर्णाली प्रदेशभरका स्थानीय तहहरूबाट आयोजनाहरू माग भइ संकलन भैरहेको छ।
- जाजरकोट भूकम्प पश्चात नयाँ रणनीतिक कार्ययोजना निर्माण गरी कार्यसञ्चालनका लागि विकास साझेदारहरूसँग समन्वय सहकार्य भैरहेको छ ।मन्त्रालयका सचिवको अध्यक्षतामा WASH कमिटिको बैठक बसी विभिन्न निर्णय तथा निर्देशनहरू भैरहेका छन् ।सो पश्चात विभिन्न मितिमा तालिम सञ्चालन भइ अस्थायी प्रकृतिका शौचालय निर्माण गरिएको छ साथै प्रभावित क्षेत्रका खानेपानी योजनाहरूको पानी शुद्धिकरण सम्बन्धि विधिको तालिम सञ्चालन गरी पानी शुद्धिकरण प्रकृया चलिरहेको छ।भूकम्प पश्चात प्रभावित क्षेत्रमा जिल्लास्थित कार्यालयबाट चौबिसै घण्टा खानेपानी तथा सरसफाइको सेवा उपलब्ध गराइएको छ जस्तै पाइप उपलब्ध गराइ पानी बितरण गरिएको, पानी शुद्धिकरण गरिएको र अस्थायी प्रकृतिका शौचालय निर्माण गरिएको छ।
- कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका लक्ष्य, नीति, रणनीति र कार्यनीतिका बारेमा समिक्षात्मक बैठक बसेको र दोस्रो पञ्चवर्षीय योजना निर्माणमा मन्त्रालयसँग सम्बन्धित क्षेत्रका कार्यक्रमहरू समावेशका लागि कार्यशाला र बैठकहरू बस्ने गरेका छन्।
- जिल्ला स्थित कार्यालयहरूको कामको नियमित अनुगमन मूल्यांकन भैरहेको छ ।मन्त्रालयका कामहरू नियमित रूपमा सञ्चालन भइरहेका छन्।
- यस आ. व. सम्म ८ वटा बहुवर्षीय आयोजनाहरू सञ्चालनमा रहेका छन् भने यस आ. व. मा थप भएका ८ वटा गरी **कूल जम्मा १६** वटा बहुवर्षीय आयोजनाहरू रहेका छन्।
- हालसम्म वित्तिय र भौतिक गरी ४० प्रतिशत रहेको र १५ लाख मुनिका आयोजनाहरू कार्यान्वयन नभएकाले प्रगति विवरण सन्तोषजनक भएको छैन।
- १० लाखका योजनाहरू बाहेक विनियोजित बजेटका अन्य आयोजनाहरू ९० प्रतिशत बढी सम्झौता भैसकेका छन्।
- **प्रदेश स्थापना भएपश्चात** हालसम्म **२१०५२३** जनसंख्यामा खानेपानीको पहुँच पुगेको, **९५५९** हेक्टरमा सिंचाइ सुविधा पुगेको, **नदी नियन्त्रणतर्फ** ५६.९७ कि.मि सम्पन्न भएको, जगा उकासतर्फ ५९३ हेक्टर क्षेत्रफल जग्गा उकास भएको र **विद्युतको पहुँच पुगेको संख्या २७०४९** रहेको छ। ।विद्युतको पहुँच नपुगेका कर्णाली प्रदेशका जिल्ला तथा स्थानीय तहहरूमा वैकल्पिक उर्जाको व्यवस्थापनका लागि

# कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर, सुर्खेत

निजि सचिवालय
मा. उर्मिला विश्वकर्मा
मन्त्री
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्रसंख्या:-२०८०।०८१ | चलानी नं: | मिति:-२०८०।१२।२५

मन्त्रालयबाट बजेट विनियोजन भएको र विनियोजन भएको बजेटमा थप सहयोगका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँग नियमित सम्पर्क भइरहेको र प्रकृया अगाडी बढीरहेको छ।

- **आ. व. २०७९/०८० मा मात्र** १०३३०५ जनसंख्यमा खानेपानीको पहुँच पुर्याइएको, २२६९ हेक्टर सिंचाइ सुविधा पुगेको छ १३ कि मि नदी नियन्त्रको काम भएको, १५२ हेक्टर क्षेत्रफल जग्गा उकास भएको र १७५८६ संख्या विद्युतीकरण सेवाबाट लाभान्वित भएका छन्।

### क्षेत्रगत उपलब्धीहरू(उर्जा तर्फ)

- कर्णाली प्रदेशमा हाल संचालनमा रहेका साना तथा लघु जलविद्युत र सोलार मिनिग्रीडको अवस्थाको बारेमा जानकारी लिई आगामी दिनमा योजना निर्माण गर्न तथा उज्यालो कर्णाली मार्फत ऊर्जामा आत्मनिर्भर बन्नको लागि कर्णाली ऊर्जा प्रोफाईल बनाउने कार्य भइरहेको छ।
- सङ्घसँगको समन्वयमा ठूला जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने रणनिति अनुसार नेपाल सरकारको "जनताको जलविद्युत कार्यक्रम -संचालन तथा व्यवस्थापन) कार्यविधि-२०७५" अनुसार डोल्पा जिल्लाको जगदुल्ला हाइड्रोपावर परियोजनामा ५% लगानी प्रदेश सरकारले गरेको छ।
- कर्णाली प्रदेश सरकारको लगानीमा मुगु जिल्लाको सोरू गाउँपालिकामा सोलार मिनिग्रिड निर्माणका लागि टेन्डर समेत भैसकेको छ।
- विद्युतको केद्रिय प्रशारण नपुगेको जाजरकोटका विभिन्न स्थानमा सौर्य मिनिग्रिड स्थापना गरिएको र चालु आ.ब.को बजेटमा मुगु, डोल्पा, हुम्ला लगायतका जिल्ला स्थित कार्यालयबाट साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी बजेट विनियोजन गरिएको र सो बजेट कार्यान्वयन चरणमा रहेको छ।
- प्रदेश स्तरको ऊर्जाको प्रोफाइल (Energy Profile)तयार गरी ऊर्जाको हालको अवस्था र भावी कार्य दिशाको कार्ययोजना निर्माण अन्तिम चरणमा रहेको छ।

### सिंचाइ तर्फ

- सतह सिंचाइबाट सम्भव नहुने जाजरकोटको कुदु, रिम्ना, सल्यानको सारदा सिंचाइ लगायत ६ वटा, हुम्ला जिल्लाको तुम्च लगायत स्थानमा लिफ्टिङ्ग प्रविधिबाट सिंचाइ सुविधा पुर्याईएको छ भने तुम्च लगायतका केहि स्थानहरूमा निर्माणाधिन रहेको छ।
- सिंचाइको व्यवस्थालाइ समेत समेट्ने गरी प्रदेश स्तरको जलस्रोत ऐन निर्माणको चरणमा रहेको छ भने सिंचाइ आयोजनाहरू संचालन गर्दा उपभोक्ता समिति गठन र परिचालनमा स्थानीय तहसँग समन्वय गरिएको।

सम्पर्क नं. ९८५८०३५५१० e-mail address urmailadolpa277@gmail.com 

- सिँचाइमा नयाँ प्रविधिको प्रयोग गर्ने, ताल तलैया संरक्षण र सम्वर्धन गर्ने हेतुले सुर्खेतको जुम्ल्याहाताल बहुउद्देश्यीय योजना, दैलेखको दुल्लु वार्तडी रिजर्भ्वायरको आयोजना संचालनमा रहेको र सुर्खेतको सोतखोला बहुउद्देश्यीय परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन भईरहेको छ।

खानेपानी तर्फ

- हाल संचालित खानेपानीको गुणस्तर सुधार गर्नको लागि ट्रिटमेन्ट प्लान बनाई लागु गर्ने निर्णय भएको छ भने कर्णाली प्रदेशको राजधानीको रूपमा रहेको सुर्खेतमा खानेपानीको समस्या समाधानको लागि भेरीनदीबाट लिफ्टिङ मार्फत खानेपानी उपलब्ध गराउन विश्वबैंक, संघीय सरकार ,प्रदेश सरकार तथा स्थानीय सरकारको साझेदारीमा कार्य अगाडी बढी रहेको छ।
- खानेपानी सिचाई तथा ऊर्जा विकास निर्देशनालयमा रहने गरी हाल संचालनमा रहेका खानेपानी आयोजनाहरुबाट वितरण गरिएको पानीको गुणस्तर परीक्षणको लागि प्रदेश स्तरीय पानी परीक्षण प्रयोगशाला स्थापना गरिएको छ।
- खानेपानी योजनाको दिगो पना मापन तथा निर्माण पश्चातको ब्यबस्थापनका लागी MIS Based Mobile to web tool)N-WASH) तयार गरी प्रयोगमा ल्याउने तयारी भइरहेको छ।
- पूर्ण सरसफाइका लागी खानेपानी सरसफाइ तथा स्वच्छता योजना निर्माण कार्य अन्तिम रुपमा रहेको छ।
- सुर्खेतको गुर्भाकोटको लिस्से खानेपानी लगायतका विभिन्न आयोजनामा खानेपानी ट्रिटमेन्ट प्लान्ट तयार गरि केहि आयोजनाहरू सञ्चालनमा रहेका छन्।
- नेपाल सरकारको नीति अनुसार हाल निर्माण सम्पन्न र निर्माणाधिन खानेपानी योजनाहरूको एक घर एक धारा अवधारणा अनुसार कार्य सञ्चालन भइरहेको छ।

नेपालमा प्रशासनिक र शासन सञ्चालनका क्षेत्रमा अधिकार सहितको संघीयता आए पनि राजनीतिक क्षेत्रका संघीयताले खासै छुन नसकेको भनौं या राजनीतिक सन्तुलन मिलाउन भनौं केन्द्र पार्टी र नेतृत्वले गरेका निर्णयहरू मान्न पर्ने अवस्था रहेको सन्दर्भमा केन्द्रिय सत्ता समिकरणको असर प्रदेश सरकारमा पनि प्रत्यक्ष रूपमा परेकै छ ।।

मेरो कार्यकालमा मलाइ विभिन्न तवरबाट सहयोग गर्ने कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री तथा मन्त्रीपरिषद्का सदस्य ज्यूहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश सभाका माननीय सदस्यहरू, कर्णाली प्रदेशका विभिन्न आयोगका पदाधिकारीहरू, पार्टीपंक्तिका आदरणीय नेतृत्वहरू, मन्त्रालयका सचिव ज्यू, महाशाखा प्रमुख ज्यूहरू, विभिन्न शाखाका प्रमुख ज्यूहरू, कर्णालीको विकास र समृद्धिका लागि प्रदेश र स्थानीय

# कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश सरकार
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
(माननीय मन्त्रीज्यूको निजी सचिवालय)
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निजि सचिवालय
मा. उर्मिला विश्वकर्मा
मन्त्री
जलस्रोत तथा उर्जा विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


पत्रसंख्या:-२०८०।०८१ चलानी नं: मितिः-२०८०।१२।२५

सरकारसँगै अहोरात्र खटिइ काम गर्ने मन्त्रालयसँग सम्बन्धित विकास साझेदार निकायका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरू, पत्रकार मित्रहरू, मेरा सचिवालयका सम्पूर्ण टीम तथा मलाइ रचनात्मक सल्लाह र सुझाव दिनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

आगामी दिनमा असल जनप्रतिनिधिका रूपमा जनताका आवाजहरूलाइ सम्बोधनका लागि लाग्ने नै छु। जनताका दैनिक सरोकारका विषयमा आजाव उठ्ने थलो सदनमा आफ्ना कुरा राख्ने नै छु।

कर्णाली प्रदेश सरकारमा कुनै पनि दलको बहुमत नभएका कारण गठबन्धन गरी सरकार सञ्चालन गर्दा प्रकृयागत रूपमा विभिन्न किसिमका अव्ठ्याराहरू पर्ने रहेछन्। यसले पनि मलाइ केहि सिकाइ भएको छ। मन्त्रालयमा माग बमोजिम समानुपितक बजेट विनियोजन नहुनु, विनियोजित रकमलाइ विभिन्न कारणले कार्यान्वयनमा समस्या पर्नु जस्ता समस्याहरू यहाँहरूलाइ जगजाहेरै छ। यसबारे मैले धेरै बोल्न पर्दैन जस्तो लाग्छ।

अन्त्यमा,

छोटो समयको सूचनाको बाबजुद यहाँहरूको गरिमामय उपस्थिति भइ यस मन्त्रालयबाट भए गरेका गतिविधिहरूको सूचना आम कर्णालीबासीहरूमा सम्प्रेषण गर्न यहाँहरूको महत्वपूर्ण योगदानको अपेक्षा गर्दै आजको यो पत्रकार सम्मेलनमा आफ्ना धारणा यही अन्त्य गर्न चाहन्छु र यहाँहरूको जिज्ञाशाको अपेक्षा गर्दछु।

धन्यवाद ।।।।

मा. उर्मिला विश्वकर्मा
मन्त्री

उर्मिला विश्वकर्मा
मन्त्री

सम्पर्क नं. ९८५८०३५५१० e-mail address urmailadolpa277@gmail.com